ज मिति २०८० साल मंसिर २४ गते आईतवारका दिन प्यूठान नगरकार्यपालिकाको ११० औं बैठक प्रमुख श्री विष्णु वहादुर योगी ज्यूको अध्यक्षता र निम्न पदाधिकारीहरुको उपस्थितिमा वसी निम्न जेमको निर्णयहरु गरियो।

**उपस्थिति :**

| ा. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री विष्णु वहादुर योगी | नगर प्रमुख | |
| | श्री देवेन्द्र वर्मा | नगर उप प्रमुख | |
| | श्री साधना रावत | १ नं. वडा अध्यक्ष | |
| | श्री मोहन सिँह विष्ट | २ नं. वडा अध्यक्ष | |
| | श्री सुमन श्रेष्ठ | ३ नं. वडा अध्यक्ष | |
| | श्री रेशम वहादुर कार्की | ४ नं. वडा अध्यक्ष | |
| | श्री नन्दे पुन मगर | ५ नं. वडा अध्यक्ष | |
| | श्री नरेन्द्र पुन | ६ नं. वडा अध्यक्ष | |
| | श्री नेत्र वहादुर के.सी. | ७ नं. वडा अध्यक्ष | |
| | श्री पदम वहादुर थापा | ८ नं. वडा अध्यक्ष | |
| | श्री विकास के.सी. | ९ नं. वडा अध्यक्ष | |
| | श्री लोक वहादुर के.सी. | १० नं. वडा अध्यक्ष | |
| | श्री गायत्री रावत | कार्यपालिका सदस्य | |
| | श्री गिता भण्डारी | कार्यपालिका सदस्य | |
| | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | |
| | श्री शान्ता खड्का मगर | कार्यपालिका सदस्य | |
| ७ | श्री लाली घर्ति मगर | कार्यपालिका सदस्य | |
| | श्री काली वहादुर सार्की | कार्यपालिका सदस्य | |
| | श्री सुनिल सापकोटा | कार्यपालिका सदस्य | |
| | श्री मिन वहादुर सार्की | कार्यपालिका सदस्य | |
| १ | श्री चन्द्र बहादुर जि.सी. | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

२२ श्री ववित‍ा विष्ट ल. पाचौं

२३ श्री आशिष पोखेल प्र. प्र. अ.

मिति २०८० मङ्सिर २४ र २५ गतेका दिन यस प्यूठान नगरकार्यपालिकाको ११० औँ बैठक नगर प्रमुख श्री विष्णु बहादुर योगी ज्यूको अध्यक्षता र निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरी निम्न बमोजिमको निर्णय गरियो।

हरूः

रुजु नियमित तथा सम्परीक्षण सम्बन्धमा

ाज फिर्ता सम्बन्धमा

ढुङ्गा, गिट्टी र बालुवा विक्री बितरण सम्बन्धमा

रस्वती प्रा.वि., प्यूठान न.पा.-४, बाँजबारीमा कार्यरत कार्यालय सहयोगी लगायत चल/अचल सम्पत्ती समायोजन सम्बन्धमा

ः

प्रस्ताव नं. १ उपर छलफल गर्दा महालेखा परीक्षकको वार्षिक प्रतिबेदन तथा संपरीक्षणसंग सम्बन्धित प्यूठान नगरपालिकाको आ.व. २०७९/८० को विविध शिर्षकमा औल्याईएको सैद्धान्तिक बेरुजु रकम रु. ६,१२,३८,३१४/- (अक्षेरुपी छ करोड बाह्र लाख अठ्तिस हजार तीन सय चौध रुपैया मात्र) नियमित तथा सम्परीक्षणका लागि प्यूठान नगरकार्यपालिकाको मिति २०८० मङसिर २५ को विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ उपर छलफल गर्दा प्यूठान नगरकार्यपालिका, बिजुवार शिक्षा शाखामा काजमा कार्यरत अधिकृत छैठौं (शिक्षा) बासुदेव पण्डितको काज फिर्ता गर्ने निर्णय गरियो। साथै प्यूठान नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी आजै (२०८० मङ्सिर २५ गते) को मिती देखि प्रा.स. शिक्षा प्रतिमा पौडेललाई दिने र प्यूठान नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा रिक्त रहेको अधिकृत सातौं/आठौं र नवौं पदमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग, लुम्बिनीमा सिफारिस गर्ने निर्णय गरियो। त्यसैगरी मुक्ती माद्यामिक विद्यालय, रतामाटामा दरवन्दी भै शिक्षा शाखा, प्यूठान नगरपालिकामा काजमा कार्यरत विष्णु प्रसाद पोखेल र जनता माद्यामिक विद्यालय, बाग्दुलामा दरबन्दी भै शिक्षा विकास तथा समन्वय ईकाई, प्यूठानमा काजमा कार्यरत साधना पण्डितलाई काज फिर्ता गरिने निर्णय गरियो। सो कार्यका लागि सम्बन्धित विद्यालयसँग समन्वय गरिनेछ।

प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्यूठान नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने झिमरुक खोला, प्यूठान न.पा. ४, ७, ८, ९ र १० नं. वडामा रहेको ढुङ्गा, गिट्टी र बालुवा प्यूठान नगरपालिकाले बिभिन्न मितीमा ३ पटक ढुङ्गा, गिट्टी र बालुवा बिक्रीका लागि बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र पेश नभएको हुँदा आ.व. २०८०/०८१ को ढुङ्गा, गिट्टी र बालुवा प्यूठान नगरपालिका आफैंले विक्री वितरण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ उपर छलफल गर्दा प्यूठान नगरपालिका-४, वाजबारी स्थित सरस्वती प्राथमिक विध्यालयमा शैक्षिक सत्र २०८०/०८१ मा कक्षा १ देखि ५ सम्म एकजना पनि विद्यार्थी अध्ययनका लागि भर्ना नभएको हुँदा उक्त विद्यालयमा कार्यरत कार्यालय सहयोगीलाई नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, प्यूठान नगरपालिका-४, टारीमा समायोजन गर्ने निर्णय गरियो। साथै सो विद्यालयको नाममा रहेको चल सम्पत्ती नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, प्यूठान नगरपालिका-४, टारीमा हस्तान्तरण गर्ने विद्यालयको भवन लगायत भौतिक सम्पत्तीहरु प्यूठान नगरपालिकामा रहने निर्णय गरियो।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख